# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०१।२७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

दाङ जिल्ला स्थित राजपुर र सतवरिया लगायत विभिन्न सामुदायिक वन उपभोक्ता समितिबाट साधारण उच्च माध्यमिक विद्यालय, गंगदी, दाङलाई उच्च माध्यमिक विद्यालय सञ्चालन गर्ने प्रयोजनको लागि सहयोग स्वरूप प्राप्त काठहरू विद्यालयका प्रधानाध्यापक पूर्णबहादुर चौधरी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोगेन्द्रसिंह राजपुतले विक्री वितरण गरी उक्त रकम हिनामिना गरेको साथै विद्यालय परिसरमा भएको सिसौ र आँपका काठहरू बिक्री वितरण गरेको रकम, विद्यार्थीका लागि प्राप्त छात्रवृत्ति र दिवा खाजाको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन साधारण उच्च माध्यमिक विद्यालय, गंगदी, दाङलाई उच्च माध्यमिक विद्यालय सञ्चालन गर्ने प्रयोजनको लागि विभिन्न सामुदायिक वन उपभोक्ता समुहहरुबाट सहयोग स्वरूप प्राप्त भएको काठमध्ये १७९२.०१५ क्यू.फि. सालको काठ, ७१९ क्यू.फि. असना र विद्यालय परिसरमा रहेका आँप र सिसमका रूखहरू बिक्री गरी जम्मा रू.११,४५,४९८।-(एघार लाख पैतालिस हजार चार सय अन्ठानब्बे) बराबरको काठ तत्कालीन साधारण उच्च माध्यमिक विद्यालय, गंगदी, दाङका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोगेन्द्रसिंह राजपुत र प्रधानाध्यापक पूर्ण बहादुर चौधरीले हिनामिना, हानीनोक्सानी गरी भ्रष्टाचारजन्य कार्य गरेको स-प्रमाण पुष्टि हुन आएको देखिंदा निजहरू विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोगेन्द्रसिंह राजपुत र प्रधानाध्यापक पूर्ण बहादुर चौधरीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुर देखिंदा निजहरूलाई बिगो रू.११,४५,४९८।- (एघार लाख पैतालिस हजार चार सय अन्ठानब्बे) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम सजाय हुन र भ्रष्टाचार गरी हिनामिना, हानिनोक्सानी गरेको बिगो रू.११,४५,४९८।- (एघार लाख पैतालिस हजार चार सय अन्ठानब्बे) निज प्रतिवादीहरूबाट सोही ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता